# गोकुलगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रस्नालु, रामेछाप
## बागमती प्रदेश, नेपाल

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

# जिन्सी निरीक्षण प्रतिवेदन २०८०/०८१

CamScanner

# विषयसूची


पृष्ठभूमि १

अध्ययन विधि २

अध्ययनको प्राप्ती ३

गोकुलगंगा गाउँपालिकाको नाममा रहेको भौतिक श्रोत साधन

जग्गा, भवन, ४

सवारी साधन, विवरण ५

गोकुलगंगा गाउँपालिकाको कार्यालयको नाममा रहेको सवारी साधन प्रयोगकर्ताको नाम ६

गोकुलगंगा गाउँपालिकामा रहेको खप्ने जिन्सी सामानको विवरण ७-८

सुझावहरु ९

# पृष्ठभूमि

गोकुलगंगा गाउँपालिकाले सेवा वितरण गर्दा आवश्यक पर्ने चार तत्वहरु जनशक्ति, वित्तिय श्रोत, भौतिक सामाग्री र कार्यविधि मध्ये अत्यन्त महत्वपूर्ण स्थान भौतिक सामाग्री अर्थात जिन्सी सामानको रहन्छ। यसको प्रयोग व्यवस्थापन, मर्मत सम्भार र लिलामको लागि यो निरीक्षण प्रतिवेदन कार्यमूलक हुनेछ भन्ने अपेक्षा राखिएको छ। कार्यालय व्यवस्थापनमा चल अचल सम्पत्तिको भौतिक सामाग्रीहरुको उचित व्यवस्थापन हुन नसक्दा कार्यालय सञ्चालन लागत वृद्धि हुने, ढिला सुस्ती हुने, कार्यमा बाधा व्यवधान उत्पन्न हुन्छ।

गोकुलगंगा गाउँपालिकामा खरिद गरिएका कार्यालय मालसामानहरु, कार्यालय उपकरणहरु, मेसिनरी औजार, फर्निचर तथा सवारी साधन लगायतका जिन्सी मालसामानहरु के कस्तो अवस्थामा छन, कुन मालसामानहरु क-कस्ले प्रयोग गरिरहेका छन, कति सामानहरु चालु अवस्थामा छन वा कुन कुन मालसामानहरु मर्मत गर्नुपर्ने छन वा कुन कुन मालसामानहरु प्रयोग गर्न नसकिने हालतमा छन भन्ने पहिचान गरि दुरुस्त विवरण राख्ने कार्य चुनौतिपुर्ण छ। जिन्सी आम्दानी वाधि उचित सदुपयोग गर्न थप चुनौती रहेको छ। जिन्सी निरीक्षण तथा यसबाट प्रस्तुत सुझावहरुले आगामी दिनमा गोकुलगंगा गाउँपालिकालाई जिन्सी व्यवस्थापन गर्न सहज हुने अपेक्षा गरिएको छ।

यस प्रतिवेदनमा गोकुलगंगा गाउँपालिकाको विभिन्न शाखाहरु, वडाहरु र अन्य ईकाईहरुको विवरण उल्लेख गरी प्रतिवेदन पेश गरिएको छ। माताहतमा रहेका सम्पूर्ण जिन्सी सामानहरुको शाखागत विवरण तयार गरिएको छ।

# अध्ययन विधि

यस अध्ययनमा सम्बन्धित शाखा, ईकाइ र वडा कार्यालयहरुवाट विवरण माग गरिएको छ । गोकुलगंगा गाउँपालिका जिन्सी शाखामा भएको अभिलेख भिडाई सम्बन्धित स्थानहरुमा पुगेर स्थलगत जिन्सी निरीक्षण गरीएको छ । जिन्सी व्यवस्थापनको लागि छलफल, बैठक एवंम सम्बन्धित कर्मचारीहरुसंग सोधपुछ गरिएको छ । खर्च भएर जाने र नजाने जिन्सी सामाग्रीहरुको गत वर्षको मौज्दातमा भिड्न कठिनाई भएको हुँदा हाल जहाँ जस्तो अवस्थामा मालसामानहरु रहेका छन सोहि विवरणलाई आधार मानि अध्ययन गरिएको छ ।

- स्थलगत अनुगमन
- जिन्सी निरीक्षण फाराम
- जिन्सी दाखिला फाराम
- छलफल बैठक
- कर्मचारी संग सोधपुछ

गोकुलगंगा गाउँपालिका
गाउँपालिकाको कार्यालय
रसाल, रामेछाप
बागमती प्रदेश, नेपाल

## अध्ययनको प्राप्ति

१. गत आ.व. २०८०/०८१ को लागि गोकुलगंगा गाउँपालिकाको कार्यालयको मिति २०८०/०३/१० को निर्णय बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ बमोजिम यस गोकुलगंगा गाउँपालिकाका शिक्षा अधिकृत श्री नरेन्द्रसिंह भण्डारीको संयोजकत्वमा खरिद ईकाई गठन गरेको पाईयो । उक्त खरिद ईकाईले विभिन्न मितिमा गरेको निर्णय बमोजिम यस गोकुलगंगा गाउँपालिकाको आवश्यकतालाई मध्यनजर गरी कार्यालयको लागि आवश्यक पर्ने खप्ने र नखप्ने जिन्सी सामाग्रीहरु खरिद गरेको सेवा परामर्श खरिद गरिएको र टेण्डर मुल्यांकन गरेको पाईयो ।

२. खरिद गरिएका जिन्सी सामाग्रीहरु खप्ने सामाग्रीको हकमा म.ले.प. फाराम नं. ४०२ मा खरिद आदेश गरी म.ले.प. फाराम नं. ४०८ मा दाखिला गरेको पाईयो । यसैगरी नखप्ने सामाग्रीहरुको हकमा म.ले.प. फाराम नं. ४०२ मा खरिद आदेश गरी म.ले.प.फाराम नं. ४०७ मा दाखिला गरेको पाईयो ।

३. खर्च भईसकेका सामाग्री र मौज्दात सामाग्रीहरुको जिन्सी अभिलेख संग भिडान गर्दा मौज्दात सामाग्री खप्ने र नखप्ने र खर्च हुन बाँकी सामाग्रीहरुको मौज्दात दुरुस्त रहेको देखियो ।

४. खरिद गरी वा दान दातव्यबाट प्राप्त भएको सामाग्रीहरुको आम्दानी बाध्नको लागि छुट भएको देखिएन ।

५. खरिद गरिएका नयाँ सामाग्रीहरु र मौज्दात सामाग्रीहरुको अवस्था सन्तोषजनक रहेको पाईयो ।

६. यस गोकुलगंगा गाउँपालिकाका विभिन्न शाखाहरु जनप्रतिनिधि पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतको कोठामा रहेका सामाग्रीहरु मर्मत गर्नुपर्ने अवस्थामा रहेको पाईएन ।

७. यस गाउँपालिका वडा कार्यालय र स्वास्थ्य चौकीमा रहेका जिन्सी मालसामानहरुको अवलोकन गर्दा सवै खप्ने सामाग्रीहरु प्रयोगमा आउने अवस्थामा छन् र प्रयोग भईरहेका छन् । वेकम्मा भई वा विग्री टुटी फुटी लिलाम गर्नुपर्ने अवस्थामा जिन्सी सामाग्रीहरु रहेको देखिएन ।

८. यस गाउँपालिका वडा कार्यालय र स्वास्थ्य चौकीमा समेत भएको सवै जिन्सी सामाग्रीहरु हानीनोक्सानी भएको देखिएन ।

९. जिन्सी सामाग्रीको दाखिला तथा हस्तान्तरण विद्युतीय सफ्टवयरको प्रयोग नगरी परम्परागत रुपमा रजिटरमा उल्लेख गरिएको पाईयो ।

१०. प्रत्येक खप्ने जिन्सी सामाग्रीको कोड नं. उल्लेख गरिएको पाईयो ।

११. जिन्सी सामाग्री भण्डारण शाखा व्यवस्थीत रहेको देखियो ।

१२. यस गाउँपालिका वडा कार्यालय र स्वास्थ्य चौकीमा आ आफ्नो जिन्सी सामाग्री अभिलेखिकरण गरेको पाईयो ।



CamScanner

## गोकुलगंगा गाउँपालिकाको नाममा रहेको भौतिक स्रोत साधन, जग्गा, भवन र सवारी साधनहरुको विवरण

।

स्थानीय तह गठन पश्चात स्थापना भएको यस गोकुलगंगा गाउँपालिकाको स्थापना कालमा गोकुलगंगा गाउँपालिका वडा नं. ३ रम्नालु पाल्सेमा अस्थायी कार्यालय खडा गरी कार्य प्रारम्भ गरी सेवा प्रवाह गर्दै आएकोमा नेपाल राजपत्रमा सुचना प्रकाशित भई गाउँपालिकाको केन्द्र रहने स्थान गोकुलगंगा ३ भिमसेनस्थान तोकिएकोमा सो केन्द्रमा तहाँका स्थानीय बासिन्दाहरुले निशुल्क रुपमा २२-१२-०-० जग्गा उपलब्ध मिती २०७५ बैशाख महिनाको १८ गते यसै स्थानमा उद्घाटन गरी कार्य नियमित रुपमा प्रवाह हुँदै आएको छ।

यस गोकुलगंगा गाउँपालिकाको नाममा हालसम्म निर्माण भएका भवनहरु १) प्रिफ्याब भवन ६ टाइप २) आर.सि.सि. भवन ४ वटा (आवास गृह सहित) तथा एक लिफ्ट सहितको आर.सि.सि. भवन निर्माणको क्रममा रहेको साथै प्रत्येक वडा कार्यालयहरु एउटै नक्सामा निर्माण भई वडा कार्यालयको नाममा पास भएको तथा एक गोकुलगंगा अस्पताल, विभिन्न वडा अन्तर्गत सञ्चालनमा रहेको वडा स्वास्थ्य चौकी र आफ्नै भवनबाट सेवा प्रवाहहरु हुँदै आएको देखिन्छ।

## गोकुलगंगा गाउँपालिका कार्यालयको नाममा रहेको सवारी साधन

| क्र.स. | सवारी साधनको किसिम | सवारी नम्बर | प्रयोग गर्ने व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | ब्याकोहो लोडर | बा.२ भ्क. ८१३१ | गाउँपालिका | |
| २ | स्कारपियो | बा.२ भ्क. ३४१४ | उपाध्यक्ष | |
| ३ | स्कारपियो | बा.१ भ्क. ९१८९ | गाउँपालिका | निष्क्रिय |
| ४ | बलेरो | बा.प्र. ०१-००२-६०२५ | गाउँपालिका | |
| ५ | मोटरसाइकल | बा.२ ब. ८४७९ | प्रदिप कुमार सुनुवार | |
| ६ | मोटरसाइकल | बा.प्र. ०१-००२-३९४१ | जागिर राय | |
| ७ | मोटरसाइकल | बा.२ ब. ८४७८ | बावुराम घिमिरे | |
| ८ | मोटरसाइकल | बा.२ ब. ८४७६ | कृष्ण लामिछाने | |
| ९ | मोटरसाइकल | बा.२ ब. ८४७३ | सन्तोष प्रसाई | |
| १० | मोटरसाइकल | बा.२ ब. ८४७५ | दिनेश कुमार यादव | |
| ११ | मोटरसाइकल | बा.२ ब. ८४७४ | फर्पु वडा कार्यालय | |
| १२ | मोटरसाइकल | बा.२ ब. ८४८० | वेताली प्रहरी चौकी | |
| १३ | स्कुटर | बा.२ ब. ८४८१ | गाउँपालिका | |
| १४ | मोटरसाइकल | बा.२ ब. ७११५ | प्रहरी चौकी गोकुलगंगा | |
| १५ | मोटरसाइकल | बा.२ ब. ५०४३ | नरेन्द्र सिंह भण्डारी | |
| १६ | मोटरसाइकल | बा.२ ब. ७५७९ | नामाडी वडा कार्यालय | |
| १७ | मोटरसाइकल | ज.१० प. ८९१ | श्याम वहादुर खड्का | |
| १८ | मोटरसाइकल | बा.८१ प. ८११६ | निशान कार्की | |
| १९ | मोटरसाइकल | बा. प्र. २-०० ब. ३०२६ | शिव सुनुवार | |
| २० | मोटरसाइकल | बा. प्र. ०२-००१ ब. ३०२५ | वेताली वडा कार्यालय | |
| २१ | मोटरसाइकल | बा.८१ ब. ७३३० | ठोसे वडा कार्यालय | |
| २२ | मोटरसाइकल | प्रदेश ३-०२ ००१ ब. ३१५५ | पर्शुराम कार्की | |
| २३ | मोटरसाइकल | प्रदेश ३-०२ ००१ ब. ३१५६ | संजय कुमार सुनुवार | |
| २४ | मोटरसाइकल | बा.२ ब. ८४७७ | विष्णु प्रसाद आचार्य | |
| २५ | मोटरसाइकल | बा.प्र.०२-००१ ब.३५६३ | रत्न कुमार जिरेल | |
| २६ | स्कुटर | बा.प्र.-२, ००४४ प ६२२० | - | मौज्दातमा रहेको |
| २७ | मोटरसाइकल | बा.२ ब. ८४७९ | सरोज कुमार महतो सुडी | |
| २८ | मोटरसाइकल | बा.प्र.०२-००१ प ६३५७ | शैलेन्द्र शाह | |
| २९ | मोटरसाइकल | बा.प्र.०२-००१ ब.६३५८ | पदम वहादुर कार्की | |

गोकुलगंगा गाउँपालिकाको कार्यालयमा रहेका खप्ने जिन्सी सामाग्रीहरुको विवरण ( वडा कार्यालय सहित )

| क्र.सं. | सामाग्रीको नाम | इकाई | परिणाम | भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | अफिस टेबल( विभिन्न साइजको) | गोटा | ६४ | | |
| २ | सोफा | सिट | ६३ | | |
| ३ | रिभल्भिङ कुर्सि | गोटा | ८५ | १६ गोटा मर्मत गर्नुपर्ने देखिन्छ | |
| ४ | टि-टेबल | गोटा | ४० | | |
| ५ | पलङ | गोटा | २९ | | |
| ६ | कम्प्युटर टेबल | गोटा | १९ | | |
| ७ | अफिस दराज | गोटा | ४७ | | |
| ८ | फोल्डिङ चेयर | गोटा | ४६ | | |
| ९ | डेस्कटप डेल | सेट | २८ | | |
| १० | ल्यापटप एसर | सेट | १४ | ३ गोटा मर्मत गर्नुपर्ने देखिन्छ | |
| ११ | प्रिन्टर डेल | सेट | १७ | | |
| १२ | एल इ डि टिभि | सेट | १ | | |
| १३ | साना कुर्सी | गोटा | ३९ | | |
| १४ | आराम बेन्च | गोटा | १२ | | |
| १५ | बुक र्‍याक | गोटा | ९ | | |
| १६ | पानस | गोटा | ३ | | |
| १७ | ल्यापटप एच पि | सेट | ३ | | |
| १८ | इपसन प्रिन्टर | सेट | १७ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | एच पि डेस्कटप | सेट | ६ | | |
| २० | क्यानन क्यामेरा डिएस एल आर | पिस | ३ | | |
| २१ | ल्यापटप डेल | सेट | १६ | | |
| २२ | प्रिन्टर एच पि | सेट | १ | | |
| २३ | स्टिल र्‍याक | गोटा | ११ | | |
| २४ | कुसन कुर्सी | गोटा | १३८ | | |
| २५ | मिटिङ टेवल | गोटा | ७ | | |
| २६ | प्रोजेक्टर | गोटा | १ | | |
| २७ | प्रिन्टर ब्रदर्स | सेट | १० | २ गोटा मर्मत गर्नुपर्ने | |
| २८ | सिसि क्यामेरा | सेट | १ | | |
| २९ | साइड टेवल | गोटा | २ | | |
| ३० | इनभटर व्याट्रि | गोटा | १६ | | |
| ३१ | इनभटर | गोटा | ८ | | |
| ३२ | क्यानन फोटोकपी | सेट | २ | | |
| ३३ | ल्यापटप लेनोभो | गोटा | ५ | | |
| ३४ | रेफिजेनेरेटर | गोटा | १ | | |
| ३५ | डेस्कटप एसर | सेट | ३ | | |
| ३६ | ल्यापटप थिङ्कप्याड | गोटा | १ | | |



CamScanner

# सुझावहरु

१. यस गाउँपालिका वडा कार्यालय र स्वास्थ्य चौकीमा पर्याप्त जिन्सी सामाग्रीहरु अभिलेखिकरणको लागि जिन्सीमा काम गर्ने दक्ष र पर्याप्त जनशक्तिको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२. यस गाउँपालिका वडा कार्यालय र स्वास्थ्य चौकीमा लिलाम गर्नुपर्ने सामानहरु भए तत्कालै गाउँपालिकामा लेखि पठाउनुपर्ने देखिन्छ ।

३. यस गाउँपालिका वडा कार्यालय र स्वास्थ्य चौकीमा मर्मत गर्नुपर्ने जिन्सी सामाग्रीहरु भए तत्कालै मर्मत गर्न गाउँपालिकामा लेखि पठाउनु पर्ने देखिन्छ ।

४. जिन्सी शाखाका कर्मचारीले वडा कार्यालयको समेत जिम्मेवारी सम्हाल्नुपर्ने हुदा कार्यवोझ बढी नै देखिएकाले एक कर्मचारी एक जिम्मेवारी हुनुपर्ने देखिन्छ ।

५. जिन्सी सामाग्रीहरुको खरिद दाखिला तथा हस्तान्तरणको प्रविष्टि राख्ने कामको लागि विद्युतिय सफ्टवयरको प्रयोग गर्नुपर्ने देखिन्छ ।

६. सम्बन्धित विषयगत शाखाको खरिद सम्बन्धी कार्यक्रम विषयगत शाखाले नै गर्दै आएकोमा एकद्वार प्रणाली मार्फत जिन्सी शाखाबाट नै गर्नाले खरिद सम्बन्धी सम्पूर्ण जानकारी एकै ठाउँबाट प्राप्त गर्न सजिलो हुने देखिन्छ ।

जिन्सी शाखा प्रमुख